बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४ चैत्र १२ गते**

यस कार्यालयको आ.व. ०७४।०७५ को तपशिलमा उल्लेखित निर्माण कार्य बोलपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म कम्पनि वा संस्थाले निम्नशर्तहरूको अधिनमा रही निर्माण कार्य गर्न यस कार्यालयबाट बोलपत्र फारम खरिद गरि निम्न शर्तहरूको अधिनमा रही रितपुर्वक छुट्टा छुट्टै बोलपत्र सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फारम यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनको ५:०० बजे सम्म बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।
२) बोलपत्र फारम खरिद गर्दा कम्पनि वा फर्म दर्ता प्रमाणपत्र निर्माण व्यवसायी ईजाजत प्रमाण पत्र, VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३।२०७४ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि निबेदन साथ पेश गर्नु पर्ने छ ।
३) बोलपत्र सुचना प्रकाशित भएको मितिले (३१ औं दिन) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ र दाखिला भएका बोलपत्र सोहि दिनको २.०० बजे कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित हुन नसकेमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने दर्ता गर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमशः उल्लेखित समय अनुसार नै उक्त कार्यहरू हुनेछ ।
४) बोलपत्र पेस गर्ने फर्म कम्पनि वा संस्थाले बोलपत्र साथ बुझाउनु पर्ने धरौटि बापतको रकम बराहक्षेत्र नगरपालिकाको रा.बा. बैङ्क इनरूवा स्थित २२२०३०३००७१०९ नं धरौटि खातामा जम्मा गरेको बैङ्क भौचर वा सोहि अनुसारको लागी बोलपत्र मान्य अवधि ९० दिन र बोलपत्र जमानत १२० दिनको म्याद भएको बैङ्क ग्यारेन्टि पत्र (विड वण्ड) शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । साथै बोलपत्रदाताले आफु कालोसूचिमा नपरेको व्यहोरा स्वघोषणा पत्र समेत संलग्न गर्नु पर्ने छ ।
५) बोलपत्र भर्दा Bill of Quantity को प्रत्येक महलमा छुट्टा छुट्टै VAT बाहेकको कबोल अंक र अक्षर दुवै महलमा भरि पेश गर्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६) बोलपत्र दाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढि घटेर कबुल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटि कबुल गरेको छ सोको ५०% ले हुन आउने रकम कबुल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्ने छ ।
७) बोलपत्र दाताले बोलपत्र फारममा कुनै संसोधन गर्नु परेमा बोलपत्र दर्ताको अन्तिम समय भन्दा (२४ चौविष घण्टा) अगाडी संसोधन गर्नु पर्ने छ ।
८) बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
९) यस सूचनामा उल्लेख भएका विषयहरू यसै सूचना बमोजिम हुनेछ र अन्य विषयहरूको हकमा बोलपत्र सम्बन्धि कागजात, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिम हुने छ ।
१०) रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।
११) यस नगरपालिकाको हितलाई ध्यान राखि कुनै जनाई वा नजनाई पुरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१२) नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्र रद्द गरी कालो सुचीमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिस गरिनेछ ।
१३) यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**तपशिलः**

| क्र.सं | ठेक्का नम्बर | कामको विवरण | लागत इस्टिमेट रकम (मु.अ. कर बाहेक रू) | धरौटि रकम (रू) | बोलपत्र फारम दस्तुर रू |
|---|---|---|---|---|---|
| १ | ०१/०७४।०७५ | नगरपालिका भवन निर्माण कार्य (दोस्रो तल्ला) | २९८९८५६।४९ | ७५०००। | ३०००। |
| २ | ०२/०७४।०७५ | कम्पाउण्ड वाल निर्माण कार्य (कार्यालय परिसर) | ३१७८०१९।५२ | ८००००। | ३०००। |
| ३ | ०३/०७४।०७५ | न.पा कार्यालय देखि मुनाल चोक कालोपत्रे | ५१३६९२८।१८ | १२९०००। | ३०००। |
| ४ | ०४/०७४।०७५ | नारायण बोगटिको घरदेखि असिलाल चौक कालोपत्रे (वडा नं ८) | ४९८४७३०।४० | १२५०००। | ३०००। |
| ५ | ०५/०७४।०७५ | असिलाल चौक देखि हरि भण्डारीको घर सम्म कालो पत्रे (वडा नं ८) | ६४७६८४५।८६ | १६२०००। | ३०००। |
| ६ | ०६/०७४।०७५ | मिलन चौक देखि सुर्य कुण्ड बाटो फाराकिलो पार्ने कार्य (वडा नं १) | २५७४९९०।५६ | ६५०००। | ३०००। |
| ७ | ०७/०७४।०७५ | चक्रघट्टि बाङ्गे चतरा सडक कालोपत्रे (वडा नं ७) | ५२३३५६५।९५ | १३१०००। | ३०००। |
| ८ | ०८/०७४।०७५ | कालापानि कल्भर्ट निर्माण उराव टोल (वडा नं ८) | १८४१४५३।८८ | ४६५००। | १०००। |

अच्युत प्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत